शितगंगा नगरपालिका को मिति २०७५/१२/२१ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्तावहरू

१. ज्येष्ठनागरिक परिचयपत्रवितरण कार्यविधि सम्बन्धमा ।

२. एकीकृत घुम्ती शिविर सञ्चालन सम्बन्धमा ।

३. बिपन्नहरूको कपाल काटने तालिम सञ्चालन सम्बन्धमा ।

४. गणक नियुक्ति सम्बन्धमा ।

५. बेरोजगार व्यक्तिहरूको फारामभर्ने सम्बन्धमा ।

निर्णयहरू

१. ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि सम्बन्धमा ।

६० बर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरूलाई ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम औषधी उपचार र यातायातमा प्रदान गरिने छुट सुबिधा प्राप्त गर्न स्थानीय तहहरूले परिचय पत्र प्रदान गर्ने व्यवस्था रहेको । सो सम्बन्धमा परिचय पत्र वितरणलाई व्यवस्थित बनाउन यसै साथ संलग्न भएको कार्यविधि पारित गर्ने र परिचय पत्र वितरण गर्ने निर्णय गरियो ।

२. एकीकृत घुम्ती शिविर सञ्चालन सम्बन्धमा ।

शितगंगा नगरपालिका देशकै ठुलो भूगोल भएको नगरपालिका हो । नगरपालिका र जिल्ला स्थित कार्यालयले प्रदान गर्ने सेवा प्राप्त गर्न नगरबासीहरूको असुबिधालाई महसुस गर्दै शितगंगा नगरपालिका वडा नं. १० मा रहेको सामकोट भन्ने स्थानमा एकीकृत घुम्ती शिविर सञ्चालन गर्न श्री जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीलाई अनुरोध गर्ने निर्णय भयो । साथै उक्तशिविर सञ्चालन र व्यवस्थापन गर्न लाग्ने रकम नगरपालिकाले व्यवस्थापन गर्ने निर्णय गरियो ।

३. बिपन्नहरूको कपाल काटने तालिम सञ्चालन सम्बन्धमा ।

तेस्रो नगरसभाले लक्षित विपन्न बर्गलाई कपाल काटने तालिम सञ्चालन गर्ने प्रयोजनका लागि रू. २ लाख विनियोजन गरेको । सो सम्बन्धमा सहभागि भएसम्म उक्त कार्यक्रममा प्रति वडा १ जनाका दरले १४ जना सहभागीहरूलाई सम्मिलित गरी १५ दिनको तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

४. गणक नियुक्ति सम्बन्धमा ।

तेस्रो नगरसभाले यस नगरपालिकाको बस्तुगत विवरण भएको पार्श्वचित्र निर्माण गर्न रकम विनियोजन गरेको र उक्त पार्श्वचित्र प्राथमिक तथ्याङ्कको आधारमा तयार गर्न प्रश्नावली भर्न प्रति वडा ५ जनाका दरले गणक वडाले छनौट गरी तालिम प्रदान गर्ने प्रयोजनका लागि नाम सिफारिस गर्ने निर्णय गरियो । साथै गणक सिफारिस गर्दा सकभर प्लस टु पास गरेको तर एस.एल.सी. अनिवार्य भएको हुनुपर्ने, एन्ड्रोईड मोवाईल भएको, वडाका सबै टोलबस्ती समेटने हिसावले गणक छनौट गरिने र प्रति घर गणना गरेको निम्न उल्लिखित वडाका टोलमा प्रति घर रू. १०० र अन्यको हकमा रू. ७० प्रदान गर्ने निर्णय गरियो ।

निम्न

वडा नं. ३- कोल पखेरे

वडा नं. ८- धोदरे फुर्की सल्ली

वडा नं. ९- कानाचौर, साकिने, तल्लो छहरे, कालेमर्ने, बीसमुरे, बारमुरे धोखोला, सिलिंगखोला, खारघाट, आकासे, मिठेआँप

वडा नं. १०- डिही, उनाय

वडा नं. ११- चावेनेटा, गाईघाट, बोक्सेपोखरा

वडा नं. १२- दमार

वडा नं. १३- भङ्गाला, गोब्रेपानी

वडा नं. १४- गन्दी

५. बेरोजगार व्यक्तिहरूको फाराम भर्ने सम्बन्धमा ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बेरोजगार व्यक्तिहरूको तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि प्रत्येक स्थानीयतहहरूमा रोजगार सूचना केन्द्र स्थापनाग रीए कजना रोजगार संयोजक तोकेको छ । नगरपालिका भित्र रहेका बेरोजगार व्यक्तिहरूको नाम संकलन गर्ने प्रयोजनका लागि फाराम भर्ने काम प्रत्येक वडामा यही २०७५ चैत्र मसान्त सम्म भर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका को मिति २०७६/१/१५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्तावहरू

१. नदिजन्य पदार्थको ठेक्का स्वीकृत अनुमोदन सम्बन्धमा ।

२. नगर एकीकृत गुरूयोजनाको वडागत छलफल तथा सुझाव संकलन सम्बन्धमा ।

३. जस्तापाता वितरण सम्बन्धमा ।

४. शिक्षातर्फको सशर्त अनुदान वितरण सम्बन्धमा ।

५. स्वास्थ्य तर्फको बाह्य खोपकेन्द्र भवन निर्माण सम्बन्धमा ।

६. ज्योती उच्च मा. वि. र जनजागृती आवासीय बिद्यालय छात्रावास निर्माण समपुरक कोष सम्बन्धमा ।

७. स्वास्थ्य तर्फका जनशक्ति र कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा ।

८. वडा नं. ४ को खेलकुद मैदान निर्माण समबन्धमा ।

९. वडा नं. १३ को कीर्तिपुर खानेपानी आयोजना जाने बाटो सम्बन्धमा ।

१०. खानेपानी आयोजनाहरूको डिपिआर सम्बन्धमा ।

११. राजश्व सम्भाव्यता अध्ययन सम्बन्धमा ।

१२. वडा नं. ४ को कार्यालय सहयोगि थप गर्ने सम्बन्धमा ।

निर्णयहरू

१. नदीजन्य पदार्थको ठेक्का स्वीकृत अनुमोदन सम्बन्धमा ।

कोन्द्रे खोलाको नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको लागि पर्न आएका दरमाउपत्रहरू मुल्याङ्कन गर्न गठीत मुल्याङ्कन समितिबाट मुल्याङ्कन भई बैंठकबाट अनुमोदन हुने गरी कार्यालयबाट स्वीकृत गरी प्रकृया अगाढी बढेकोमा उक्त कार्यालयको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । उक्त खोलाको घाटगद्धीका सम्बन्धमा यस भन्दा पहिले शितगंगा नगरपालिका वडा नं. १२ को तल्लो चुरे टोलको चौर तोकिएकोमा उक्त चौर अर्घाखाँचीमा नभई कपिलवस्तुमा पर्ने भएको सो को सट्टा वडा नं. १२ को बेलाउती पाटा र मोहडाका थरी भन्ने स्थानमा घाटगद्धी स्थल तोकी नदीनन्य पदार्थ संकलनको लागि आवश्यक प्रकृया अगाढी वढाई दिनु हुन भनि १२ नं. वडा कार्यालयबाट लेखिआएकोले सो खोलाको घाटगद्धी स्थल वडा नं. १२ को बेलाउतीपाटा र मोहडाका थरी तोक्ने निर्णय गरियो ।

२. नगर एकीकृत गुरूयोजनाको वडागत छलफल तथा सुझाव संकलन सम्बन्धमा ।

शितगंगा नगरपालिकाको तेस्रो नगरसभाबाट नगरको आवधिक गुरूयोजन तर्जुमा गर्नका लागि रू. १५ लाख विनियोजन भएको तथा पछि मिति २०७५/१०/८ को कार्यपालिका बैठकबाट रू. ५ लाख थप गरी रू. १५

लाख विनियोजन भएको । नगरपालिका द्वारा सञ्चालन गरिने विकस निर्माणमा जनसहभागिता, चासो, प्राथमिकीकरणका लागि आवधिक योजना आवश्यक पर्ने र Bottom up Approach बाट योजनाहरू संकलन गर्ने प्रयोजनका लागि नगरका १४ वटै वडाहरूमा मिति २०७६/१/२० देखि शुरू गरी निम्नाननुसार वडागत रूपमा सुझाव संकलन गर्ने र सुझावहरू समावेश गरी गुरूयोजना तर्जुमा गर्ने निर्णय गरियो ।

निम्न

वडा नं. १ - २०७५/१/२० गते, वडा नं. २ - २०७५/१/२१ गते, वडा नं. ३ - २०७५/१/२२ गते, वडा नं. ४- २०७५/१/२३ गते, वडा नं. ५ - २०७''/१/२४ गते, वडा नं. ६ - २०७५/१/२५ गते, वडा नं. ७ - २०७५/१/२६ गते, वडा नं. ८ - २०७५/१/२७गते, वडा नं. ८ - २०७५/१/२८ गते, वडा नं. १० - २०७५/१/२८ गते, वडा नं. ११ - २०७५/१/३० गते, वडा नं. १२वडा नं. - २०७५/१/३१ गते, वडा नं. १३ - २०७५/२/१ गते, र वडा नं. १४ - २०७५/२/२ गते,

३. जस्तापाता वितरण सम्बन्धमा ।

शितगंगा नगरपालिकाको आ.व. २०७५/०७६ को बार्षिक कार्यक्रम बमोजिम नगरपालिकाले खरको छाना विस्थापन गर्ने प्रयोजनका लागि जस्तापाता खरिद गर्न रकम विनियोजन भई जस्ता पाता आपुर्ति भई आएको छ । सो सम्बन्धमा उक्त जस्तापाताहरू वितरण गर्नका लागि प्रत्येक वडाहरूबाट १० वटा घरहरू छनौट गरी नगरपालिकामा पठाउने र नगरपालिकाले आवश्यक छानविन गरी वितरण गर्ने र वितरण गर्दा सामान्यतया निम्न आधारहरू लिने निर्णय भयो ।

आधारहरू

१. वडाको सिफारिस

२. आगलागी, हुरी बतास लगायतका विपतको कारणले वस्ने घरबास नै नष्ट गरेको ।

३. एकल महिला, दलित, लोपोन्मुख, अति सिमान्तिकृत, द्वन्द्व पीडित

४. गरिब परिचयपत्र प्राप्तब्यक्ति

५. नगर कार्यपालिकाबाट छनौट भएका ब्यक्तिहरू

४. शिक्षा तर्फको सशर्त अनुदान वितरण सम्बन्धमा ।

शितगंगा नगरपालिकालाई आर्थिक बर्ष २०७५/०७६ मा शिक्षातर्फ सशर्त अनुदानमा नगर भित्रका शैक्षिक संस्थाहरूलाई आवश्यकताका आधारमा शौचालय निर्माण, ब्लकहरू, पुस्तकालय, बिज्ञान प्रयोगशाला, सूचना प्रविधि सम्बन्धी सामग्रीहरू र सामुदायिक सिकाई केन्द्रमा आईसिटी अनुदान वितरण गर्न रकम विनियोजन भई आएकोमा उक्त अनुदानलाई तपशिल बमोजिम वितरण गर्ने निर्णय गरियो ।

| सि.नं. | अनुदानशिर्षक | बिद्यालयको नाम | रकम |
|---|---|---|---|
| १ | माध्यमिक बिद्यालयमा पुस्तकालय स्थापना तथा ब्यवस्थापन -फिक्सिङ्ग, किताव खरिद तथा इ पुस्तकालय | हरि मा.वि. जुकेना, वडा नं. ५ | ६ लाख ५० हजार |
| | | गौरा मावि रजिया, वडा नं. १२ | ६ लाख ५० हजार |
| | | सुबोधिनीमा. वि. वडा नं. १० | ६ लाख ५० हजार |

| | | | |
|---|---|---|---|
| २ | शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग -कम्प्युटर, ईन्टरनेट, कनेक्टिभिटी ईक्यूप्मेन्ट | प्रभाकर मा.वि., सिमलपानी | ६ लाख ५० हजार |
| | | पावर मा.वि., पावर | ६ लाख ५० हजार |
| ३ | माध्यमिक बिद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | मन्द्रे मा.वि. मन्द्रे, वडा नं. १ | ६ लाख ५० हजार |
| | | लाहापे मा.वि., लाहापे वडा नं. ८ | ६ लाख ५० हजार |
| ४ | पानी तथा स्वास्थ्य र सरसफाई सहितको शौचालय निर्माण | जनताआ धारभुत बिद्यालय, सितापुर, वडा नं. ५ | ७ लाख |
| | | प्रभाकर मा.वि., सिमलपानी, वडा नं. १४ | ७ लाख |
| | | शिवादह मा.वि., शिवादह, वडा नं. ६ | ७ लाख |
| ५ | बिद्यालय क्षेत्र विकास कार्यक्रम - ब्लक निर्माण | जन सहभागितामा आधारभूत बिद्यालय, वडा नं. ७ | १६ लाख |
| | | बाल आधारभूत बिद्यालय, धोन्द्रे वडा नं. ८ | १६ लाख |
| | | बाल प्रा.वि., ठाडेखोला, वडा नं. ८ | १६ लाख |
| ६ | सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदान | जागृती सिकाई केन्द्र, वडा नं. १० | २ लाख |

५. स्वास्थ्य तर्फको बाह्य खोप केन्द्र भवन निर्माण सम्बन्धमा ।

शितगंगा नगरपालिकालाई स्वास्थ्य तर्फ आ.व. २०७५/०७६ मा प्राप्त सशर्त अनुदानमा बाह्य खोप केन्द्र निर्माण गर्न रू. ६ लाख विनियोजन भएको । सो सम्बन्धमा कार्यपालिकामा छलफल हुँदा वडा नं. १४ को करेचुलीमा बाह्य खोप केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

६. ज्योति उच्च मा. वि. र जनजागृती आवासीय बिद्यालय छात्रावास निर्माण समपुरक कोष सम्बन्धमा ।

शितगंगा नगरपालिकाको तेस्रो नगरसभाले ज्योति मा.वि ठाडा र जनजागृति मा. वि. पूर्वाधार निर्माण गर्न एकमुष्ट रू. २० लाख विनियोजन गरेको छ । सो सम्बन्धमा श्री जन जागृती मा.वि. सिद्धाराले प्रदेश नं. ५, सामाजिक विकास मन्त्रालयबाट भौतिक सुधार तथा छात्रावास निर्माणका लागि रू. १४ लाख अनुदान प्राप्त गरेको छ । उक्त अनुदानमा नगरले एकमुष्ट विनियोजन गरेको रकम मध्ये रू. १० लाख थप गरी रू. २४ लाखमा उक्त बिद्यालयमा छात्रावास भवन निर्माण प्रक्रिया अगाडि बढाउने र श्री ज्योति मा.वि को हकमा एकमुष्ट विनियोजन भएको मध्येको बचत रकम रू. १० लाख र जिल्ला समन्वय समितिबाट प्राप्त हुने राजश्व बाँडफाँडको समान रू. १० लाख गरी रू. २० लाखमा उक्त बिद्यालयको भौतिक सुधार गर्ने निर्णय गरियो ।

७. स्वास्थ्य तर्फका जनशक्ति र कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा ।

शितगंगा नगरपालिकाको भौगोलिक बिषमता र विशालता तथा छरिएको बस्तीको कारणले गर्दा स्वास्थ्य सेवामा जनताको पहुँच असहज भएको छ । सो सम्बन्धमा सामुदायिक स्वास्थ्य केन्द्र लौरीमा खटाईएका २ जना अहेवहरूले काम गर्न नसकी राजीनामा दिई गएकोले सिद्धारा प्राथमिक स्वास्थ्य चौकीमा लामो समय कार्यरत अहेव श्री नेत्र पौडेललाई रिक्त लौरी सामुदायिक स्वास्थय केन्द्रमा करारमा नियुक्ति गर्ने र करार मिति देखि तलव भत्ता प्रदान गर्ने । त्यसै गरी हर्रे गाँउघर क्लिनिकमा कार्यरत अहेव श्री मधु थापालाई सोही स्थानमा अहेवको काम गर्ने गरी मिति २०७५ कार्तिक देखि २०७६ असार मसान्तसम्म करारमा नियुक्त गर्ने र सोही बमोजिम तलव भत्ता प्रदान गर्ने । साथै भेडमारा सामुदायिक स्वास्थ्य केन्द्रमा कार्यरत अनमी श्री कल्पना परियारलाई सोही केन्द्रको अनमी पदमा करारमा नियुक्ति गरी सम्झौता भएको मिति २०७६/१/१६ देखी असार मसान्तसम्म कररारमा नियुक्ति गरी तोकिएको तलब भत्ता प्रदान गर्ने । यसै गरी पावर सामुदायिक स्वास्थ्य केन्द्रमा कार्यरत का.स गीता अधिकारीलाई उक्त स्थानमा सेवा शुरू भए पश्चात नियमानुसारको तलव भत्ता दिने गरी करारमा नियुक्त गर्ने निर्णय गरियो । सोही स्थानमा कार्यरत अनमी संगीता वि.सी. लाई यो निर्णय मिति देखि करारमा नियुक्त गरी कामकाजमा लगाउने । साथै वडा नं. १३ सिमलपानीमा कार्यरत अनमी गीता वि सी लाई करारमा नियुक्ति गरी नियमानुसार तलव भत्ता भुक्तानी गर्ने । यस निर्णय बमोजिमभएका सबै करार नियुक्तिहरूको म्याद २०७६/असार मसान्त सम्म मात्र रहनेछ ।

८. वडा नं. ४ को खेलकुद मैदान निर्माण समबन्धमा ।

यस नगरपालिकाको वडा नम्बर ४ मा पर्ने कुवँर टोला पोखेडाँडा खेलकुद मैदान अत्यावश्यक भएको तर तेस्रो नगरसभामा उक्त मैदान निर्माण गर्ने आयोजना छुट हुन गएकोले मैदान निर्माण गर्न प्राविधिक लागत अनुमान गर्न लगाउने र कार्य सम्पन्न पश्चात नापजाँच गरी हुन आउने रकम विनियोजन गर्ने साथै उक्त रकम आन्तरिक आयमा खर्च लेख्ने निर्णय भयो ।

९. वडा नं. १३ को कीर्तिपुर खानेपानी आयोजना जाने बाटो सम्बन्धमा ।

प्रदेश नं ५ सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयबाट शितगंगा नगरपालिका वडा नं १३ मा खानेपनीको बृहत आयोजना निर्माण हुने क्रममा रहेको छ । उक्त स्थानमा खानेपानी आयोजना निर्माण गर्न आवश्यक पर्ने भौतिक सामग्री र निर्माण सामग्रीहरू ढुवानी गर्नको लागि बाटो नभएकोले समस्या भएको सन्दर्भमा बाटो निर्माण गर्न प्राविधिक लागत अनुमान गर्न लगाउने र कार्य सम्पन्न पश्चात नापजाँच गरी हुन आउने रकम विनियोजन गर्ने साथै उक्त रकम आन्तरिक आयमा खर्च लेख्ने निर्णय भयो ।

१०. खानेपानी आयोजनाहरूको डिपिआर सम्बन्धमा ।

यस नगरपालिकाको विभिन्न स्थानमा खानेपानीको समस्या रहेको र खानेपानीको लागि गाग्रोमा घण्टौ पानी बोक्नु पर्ने अवस्था रहेको छ । सो सन्दर्भमा खानेपानी आयोजनाहरू संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाले बजेट विनीयोजन बिस्तृत परियोजना प्रतिवेदनका आधारमा गर्दा यथार्थर बसतुपरक हुने भएकोले निम्न खानेपानी आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्ने निर्णय भयो ।

निम्न

१. बागेद्धारे- वडा नं. ७, २. ढुङ्गेशेरा- वडा नं. ११, ३. खयरभट्टी- वडा नं. ११ ४. करेचुली- वडा नं. १४, ५. चिसापानी, सानाढुङ्गे, बान्द्रे- ७ नं. वडा, ६., ठाडखोला वडा नं. ६, ७. ढाव हडाहा वडा नं. १४

११. राजश्व सम्भाव्यता अध्ययन सम्बन्धमा ।

शितगंगा नगरपालिकामा बार्षिक रूपमा संघ, प्रदेशबाट समानीकरण अनुदान र सथानीय आन्तरिक आयको परिचालन मार्फत दैनिक प्रशासनिक तथा विकास निर्माणका कामहरू हुदै आउका छन । संघीयताको मर्म अनुसार क्रमशः आनतरिक आयको परिचालन बढाई अनुदानमा हुने निर्भरता कम गर्दै लैजानु हुन्छ । यसै सन्दर्भमा नगरपालिकाको राजश्व उठतीको सम्भाव्यता र हालको राजश्व परिचालनको अवस्था आँकलन गरी Gap पहिचान गरी राजश्व परिचालन बढाउन वाञ्छनीय भएकोले यसै आर्थिक बर्षमा राजश्व सम्भाव्यता अध्ययन गरी प्रतिवेदन बुझाउन परामर्श दातासँग सम्झौता गर्ने र सो को आधारमा राजश्व परिचालनमा सुधार गर्ने । यस कार्यका लागि अनुमानित रू. ५ लाख लाग्ने भएकोले आनतरिक आयमा खर्च लेख्ने गरी सम्भाव्यता अध्ययन गर्ने निर्णय गरियो ।

१२. वडा नं. ४ को कार्यालय सहयोगि थप गर्ने सम्बन्धमा ।

यस शिगतंगा नगरपालिका वडा नं. ४ मा जनसंख्या पनि अत्यधिक भएको र राजश्व समेत बढी उठ्ने वडा भएकोले सेवा ग्राहीहरूको चापलाई मध्यनजर गरी मिति २०७५ साल श्रावण १ गते देखि वडा नं. ४ मा कार्यरत नागेन्द्रे आचार्यलाई कार्यालय सहयोगी पदमा करारमा मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्म करारमा नियुक्ती गर्ने निर्णय गरिग्ये ।

शितगंगा नगरपालिका को मिति २०७६/१/३१ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्तावहरू

१. एक्साभेटर (ब्रेकर सहितको) मेशिनको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

२. एल टि तार वितरण सम्बन्धमा ।

३. प्रदेशसँग समपुरक अनुदान माग सम्बन्धमा ।

४. नगर कार्यपालिकाका बिषयगत समितिहरूका गठन सम्बन्धमा ।

५. आन्तरिक लेखा परिक्षणका लागि अनुरोध गर्ने सम्बन्धमा ।

६. महर्षि पतञ्जलीको चिनारी सम्बन्धी पुस्तक प्रकाशन सम्बन्धमा ।

७. जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धमा ।

निर्णयहरू

१. एक्साभेटर (ब्रेकर सहितको) मेशिनको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

कपिलवस्तु जिससमा रहेको यस कार्यालयलाई हस्तान्तरण भई आएको एक्साभेटर मेशिन भाडामा लगाउने प्रयोजनको लागि कार्यापालिकाको मिति २०७५/५/२५ को निर्णय अनुसार वार्षिक न्यूनतम रू १० लाख कायम गरी बढावढको लागि मिति २०७५/६/१४ मा दरभाउपत्र माग गरी सूचना प्रकाशन भएबमोजिम खेम कन्स्ट्रक्सन सैनामैना ११ रूपन्देहीले बढी कवोल गरी सम्झौताको लागि मिति २०७५/७/१५ मा पत्र लेखिएकोमा मिति २०७५/८/३ मा रू २०००००।- यस कार्यालयको खातामा जम्मा गरी बैक ग्यारेन्टी तथा बाँकी रकम लिई ७ दिन भित्र सम्झौता गर्ने गरी मेशिन चेक गर्ने प्रयोजन समेतको लागि उपलब्ध गराई दिन भनि निवेदन दिएकोमा सो बमोजिम मेशिन ७ दिनको लागि उपलब्ध गराईएको, मेशिन लगि शिनपा ५ मा कार्य गर्न खोज्दा मेशिनले कार्य नगरेको भनि जानकारी गराएपछी नगर उप-प्रमुख समेतको टोली स्थलगत अनुगमन गर्दा मेशिनले कार्य नगरेको (लोड नलिएको) अवस्था देखिएकोले र मिति २०७५/८/१० मा निज खेम कन्स्ट्रक्सनले भिस्त्री ल्याई बनाउने कार्य भई रहेकोले पुन ७ दिनेको समय थप माग गरे बमोजिम ७ दिन म्याद थप गरिएको । मिति २०७५/९/२ मा रू १३५०००।- यस कार्यालयको खातामा जम्मा गरी ब्रेकर उपलब्ध गराई सम्भलौता गरी कार्य आदेश पाउँ भनि निवेदन दिएकोमा उक्त मेशिनको ब्रेकर कपिलवस्तु जिससबाट उपलब्ध नगराएकोले सम्झौता हुन नसक्दा मिति २०७५/९/२३ मा साचो एक्साभेटरको साचो फिर्ता लिई कार्यालयमा राखिएको, मिति २०७५/१२/२१ मा बैक जमानत सहित पुनः ताकेता गरी खेम कन्स्ट्रक्सनले ब्रेकर सहित मेशिन माग गरी सम्झौताको लागि निवेदन दिएकोमा ब्रेकर नभएका कारण सम्झौता गराउन नसकिएकोले बाँकी रकम रू १७५०००।- बुझाई ब्रेकर उपलब्ध गराई सम्झौता गर्ने गरी एक्साभेटरको साँचो सहित अस्थाई कार्य आदेश दिईएको, पटक पटक ब्रेकर उपलब्ध गराई दिन कपिलवस्तु जिससलाई पत्राचार गरिएकोमा मिति २०७६/१/१५ मा ब्रेकर यस कार्यालयलाई हस्तान्तरण भएकोले एक्साभेटरको ब्रेकर उपलब्ध गराउन नसकेको कारण तथा तोकिएबमोजिको रकम समयमै दाखिला नगरेको समेतका कारण सम्झौता हुन नसकेको देखिएकोले दुवैलाई विचार गर्दा मिति २०७५/१२/१ देखि लागू हुने गरी पूर्व निर्णय अनुसार दुई वर्षको लागि सम्झौता गरी कार्य आदेश दिन कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

२. एल टि तार वितरण सम्बन्धमा ।

आर्थिक बर्ष २०७५/७६ मा बिजुली कण्डक्टर एल. टि. तार खरिदमा रकम विनियोजन भए बमोजिम प्रतिष्पर्धात्मक दरभाउपत्र मार्फत ३४ कि.मी. तार खरिद गरिएको । सो सन्दर्भमा नेपाल बिद्युत प्राधिकरण अर्घाखाँची वितरण केन्द्रले शितगंगा न.पा. १ हल्देमा ०.०३ को ६ कि.मि., शितगंगा न.पा. ५ तुसारेखर्क, करापुमा ०.०३ को ४.५ कि.मि., शितगंगा न.पा. ६ गल्दुङ्ग, गैरा, कल्लेरी, कैवाङ र कमलकोटमा ०.०३ को ६ कि. मि., शितगंगा न.पा. ७ जलुके बान्द्रेमा ०.०३ को ६ कि. मि., शितगंगा न.पा. ८ र १० हर्रे प्रहरी चौकी ०.०३ को ७.५ कि.मि., र शितगंगा न.पा. १२ दमारेमा ०.०३ को ४ कि.मि., तार नगरपालिकाबाट प्राप्त भएमा बिद्युतीकरण हुन सक्ने भनी लेखी आएकोले माग बमोजिमको तार नेपाल बिद्युत प्राधिकरण अर्घाखाँची वितरण केन्द्रलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

३. प्रदेशसँग समपुरक अनुदान माग सम्बन्धमा ।

प्रदेश नं. ५ आर्थिक मामिला तथा योजना मन्त्रालय, बुटवलको च.नं. १०२८ मिति २०७६/१/११ को पत्रमा समपुरक अनुदान माग गर्ने र नगरपालिकाको हकमा प्रदेश सरकारले ब्यहोर्ने अधिकतम सीमा रू. २ करोड हुने भन्ने उल्लेख भई आएकोले समपुरक अनदानमा निम्न आयोजनाहरू मग गरी पठाउने निर्णय भयो ।

| सि.नं. | आयोजनाको नाम | प्रदेशको अधिकतम योगदान | नगरपालिकाको अधिकतम योगदान | जम्मा |
|---|---|---|---|---|
| १ | डमरूदहको जिर्णोद्धार तथा स्तरोन्नति | रू. २५ लाख | रू. २५ लाख | ५० लाख |
| २. | टिनको छाना विस्थापन गर्न जस्ता पाता खरिद | रू. १ करोड | रू. १ करोड | २ करोड |
| ३ | नगरपालिकाको प्रशासकीय भवन जाने बाटो स्तरोन्नती तथा पिच वडा नं. ३ | रू. २५ लाख | रू. २५ लाख | ५० लाख |
| ४ | महर्षि पतञ्जलीको मन्दिर तथा शालिक निर्माण वडा नं. ७ | रू. २५ लाख | रू. २५ लाख | ५० लाख |
| ५ | नमुनालाईभस्टक एण्डएग्रीकल्चर सेण्टर वडा नं. १४ | रू. २५ लाख | रू. २५ लाख | ५० लाख |
| जम्मा | | २ करोड | २ करोड | ४ करोड |

४. नगर कार्यपालिकाका बिषयगत समितिहरूको गठन सम्बन्धमा ।

शितगंगा नगरपालिकाको नगरकार्यपालिका - कार्य सम्पादन नियमावली, २०७४ मा कार्यपालिकामा विभिन्न ६ वटा समितिहरूको ब्यवस्था गरिएको छ । सो सम्बन्धमा २०७४ भाद्र १६ गतेको निर्णयानुसार समिति गठन समेत भएकोमा हाल उक्त गठित समितिमा समान्य हेरफेर गरी निम्नानुसार समितिहरू पुनर्गठन गर्ने निर्णय गरियो ।

(क) सामाजिक विकास समिति

संयोजक- पवित्रा थापा

सदस्य- गोवर्द्धन थापा

सदस्य- बाबुराम गैरे

(ख) आर्थिक विकास समिति

संयोजक- बिष्णु परियार

सदस्य- दुर्गा बहादुर वि.सी.

सदस्य- हेमनाथ भुसाल

(ग) पूर्वाधार विकास समिति

संयोजक- राम बहादुर दर्नाल

सदस्य- भिम बहादुर के.सी.

सदस्य- मोहन पन्थी

(घ) वातावरण तथा विपद व्यवस्थापन समिति

संयोजक- शान्ता अधिकारी

सदस्य- ऋषि बहादुर रेष्मी

सदस्य- रूक बहादुर आले

(ङ) विधेयक समिति

संयोजक- कमला बेल्बासे

सदस्य- बुद्धिकृष्ण पौडेल

सदस्य- दामामेदर अधिकारी

(च) सार्वजनिक सेवा तथा क्षमता विकास समिति

संयोजक- अर्चना राना

सदस्य- दामोदर न्यौपाने

सदस्य- जीवा पौडेल

५. आन्तरिक लेखा परिक्षणका लागि अनुरोध गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको आव २०७५/७६ को हालसम्म भएको आय तथा व्ययको आन्तरिक लेखा परिक्षण गर्न पर्ने भएको तर नगरपालिकामा आन्तरिक लेखा परिक्षण शाखा नभएकोले हाल लाई श्री कोष तथा लेखा नियन्त्रक कार्यालय अर्घाखाँचीलाई आन्तरिक लेखा परिक्षण गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

६. महर्षि पतञ्जलीको चिनारी सम्बन्धी पुस्तक प्रकाशन सम्बन्धमा ।

शितगंगा नगरपालिकाको चौथो नगरसभाले जुकेना ऐरावती देउराली सडकलाई महर्षि पतञ्जली मार्ग नामाकरण गरेको र ऐतिहासिक तथ्यहरूको आधारमा पतञ्जलीको जन्म यसै नगरपालिकाको ऐरावती क्षेत्रमा

भएको प्रमाण संस्कृतिविदहरूले दावी गरेका छन । सो सम्बन्धमा प्रसिद्ध लेखक बिष्णुराज आत्रेय (लाटो साथी) ले यस नगरपालिकालाई प्रकाशक बनाएर महर्षि पतञ्जली ऐतिहासिक तथा साँस्कृतिक पक्षहरू नामक पुस्तक प्रकाशन गर्न लागेको र मुद्रण वापत लाग्ने रकम नगरपालिकाबाट व्यहोर्न अनुरोध भई आएकोले २ हजार प्रति पुस्तक प्रकाशन गर्न लाग्ने अनुमानित रू. १,७५,०००/- रकम विनियोजन गर्ने निर्णय भयो ।

७. गरिवी परिचयपत्र वितरण सम्बन्धमा ।

गीरब घर परिवार समन्वय बोर्डबाट यस नगरपालिका अनन्र्गत पहिचान भएका गरीबहरूलाई परिचयपत्र वितरण गर्न बाँकी रहेका वार्डहरूमा निम्न कार्यतालिका बमोजिम वितरण गर्न नगरपालिकाबाट अधिकृत सातौं श्री मञ्जु खनाल, सहायक कम्प्युटर अपरेटर श्री भक्त दमाई, कार्यालय सहयोगी श्री निर्मला खनाल र प्रकाश अधिकारीलाई खटाउने । उक्त कार्यमा वडाध्यक्ष, वडा सदस्य र वडामा कार्यरत सचिव तथा कार्यालय सहयोगी समेतले सहयोग गर्ने निर्णय गरियो ।

कार्यतालिका

| सि. नं. | वडा नं. | मिति | कैफियत |
|---|---|---|---|
| १ | १३ | २०७६/२/७ र ८ गते | वडामा वितरण हुन नसकेका परिचयपत्र नगरबाट वितरण गरिनेछ । |
| २ | १४ | २०७६/२/९ र १० गते | " |
| ३ | ११ | २०७६/२/११ र १२ गते | " |
| ४ | ९ | २०७६/२/१३ र १४ गते | " |
| ५ | ८ | २०७६/२/१५ र १६ गते | " |